# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
३ नं प्रदेश, नेपाल

पत्र संख्या :- ०७५/०७६
चलानी नं :- ५

टोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मैजुहिटी, काठमाडौं २०७३

मिति-२०७५/४/०१

विषय- सम्पतिकरको सम्वन्धमा थप स्पष्टता ।

श्री वडा कार्यालय सवै ,

टोखा नगरपालिका

उपरोक्त सम्वन्धम यस कार्यालयवाट चा.लु आ.वको लागि सम्पतिकर लिने सम्वन्धमा वडा कार्यालयहरुवाट थप स्पष्टताको लागि अनुरोध भएकोले सम्पतिकर निर्धारण गर्दा देहाय वमोजिम गर्नु हुन अनुरोध छ ।

१. नगरपालिका क्षेत्रभित्र रहेको जुनसुकै भवन संरचनाको सम्पूर्ण क्षेत्रफलको मूल्याङ्कन गर्ने ।
२. सो भवन संरचनाले ओगटेको क्षेत्रफल र सो वरावरको थप जग्गा सम्पतिकर मूल्याङ्कनमा समावेश गर्ने ।
३. यदि भवन संरचनाले ओगटेको क्षेत्रफल १ रोपनी भन्दा वढी भए भवन संरचनाले ओगटेको क्षेत्रफलमा थप १ रोपनी जग्गा मूल्याङ्कनमा समावेश गर्ने, वाँकी जग्गा रहेमा वाँकीको हकमा मालपोत कर लिने ।
४. सम्पतिकर निर्धारणको लागि मूल्याङ्कनमा समावेश भएको जग्गामा मालपोत कर नलिने ।

उदाहरण १. यदि कुनै व्यक्ति/संस्थाको संरचना ५ आना जग्गामा वनेको छ र उसको जग्गा १३ आना छ भने सम्पतिकर मुल्याङ्कनको लागि संरचनाले ओगटेको क्षेत्रफल ५ आना +सो वरावर थप ५ आना जग्गा गरी १० आना जग्गा र संरचनाको सम्पतिकर मूल्याङ्कन गरी वाँकी ३ आना जग्गाको मालपोत कर असुल गर्ने ।

उदाहरण २. यदि कुनै व्यक्ति/संस्थाको संरचना ५ रोपनी जग्गामा वनेको छ र उसको जग्गा ११ रोपनी छ भने सम्पतिकर मुल्याङ्कनको लागि संरचनाले ओगटेको क्षेत्रफल ५ रोपनी + थप १ रोपनी जग्गा गरी ६ रोपनी जग्गा र संरचनाको सम्पतिकर मूल्याङ्कन गरी वाँकी ५ रोपनी जग्गाको मालपोत कर असुल गर्ने ।

उदाहरण ३. यदि कुनै व्यक्तिको संरचना ९ आना जग्गामा वनेको छ र उसको जग्गा २४ आना छ भने सम्पतिकर मुल्याङ्कनको लागि संरचनाले ओगटेको क्षेत्रफल ९ आना +सो वरावर थप ९ आना जग्गा गरी १८ आना जग्गा र संरचनाको सम्पतिकर मूल्याङ्कन गरी वाँकी ६ आना जग्गाको मालपोत कर असुल गर्ने ।

(पुष्पराज खनाल )

शाखा अधिकृत

सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५ Email : hellotokha@gmail.com/Website: www.tokhamun.gov.np